बैठक संख्या : ३३औं (आ.व. ०७३/७४)
बैठक मिति : २०७४।३।१६
बैठकको अध्यक्षता : श्री मन्जु कुमारी खड्का (अध्यक्ष)
बैठक स्थल : संस्थाको कार्यालय
बैठक : कार्य समिति

उपस्थिति,

श्री मन्जु कुमारी खड्का (अध्यक्ष)
श्री हीरा सिंह थापा (संस्थापक अध्यक्ष)
श्री झलकबहादुर भण्डारी (महासचिव)
श्री बिरबहादुर नेपाली (उपाध्यक्ष)
श्री दुर्गा श्रेष्ठ (कोषाध्यक्ष)
श्री नैनबहादुर शाही (सचिव)
श्री सुर्यबहादुर शाही (~~सचिव~~ सदस्य)
श्री पवित्रा वाढो (सदस्य)
श्री सुमित्रा चन्द (सदस्य)
श्री कल्पना थापा (सदस्य)
श्री डम्बरबहादुर कार्की (सदस्य सचिव)
श्री वसन्त श्रेष्ठ (निर्देशक)

**वैठकका एजेण्डाहरु:**

१. मनमा लागेका विषय वस्तु खुला छलफल
२. अगिल्लो वैठकको समिक्षा
३. विभिन्न समिति उपसमितिका वैठकका निर्णय कार्यान्वय सम्वन्धमा
४. आ.व. २०७३।७४ को संस्थाको बाह्य लेखापरीक्षणका लागि लेखा परीक्षकको नियुक्ति सम्वन्धमा
५. १२ औं वार्षिक सहभागितात्मक योजना तर्जुमा तथा समिक्षा सम्वन्धमा
६. १० औं लैगिंक तथा सामाजिक परिक्षण सम्वन्धमा
७. एम्वुलेन्स खरिद सम्वन्धमा
८. सिनीयर स्टाव वैठकको माईन्युटका निर्णयहरु कार्यान्वयन सम्वन्धमा
९. विपद व्यवस्थापन र विपदका वितरण गरिएका सामाग्री सम्वन्धमा
१०. संस्थाको आ.व. २०७३।७४ वार्षिक प्रगति प्रतिवेदन र सफलताको कथा प्रकासन सम्वन्धमा
११. संस्थाको सचिवालय समितिको वैठकको माईन्युट अनुमोदन सम्वन्धमा
१२. वाल हेल्पलाईन, सोसेक महिला र वालवालिका केन्द्र सम्वन्धमा
१३. वालविवाह सम्वन्धमा
१४. सहयात्रा परियोजनाको शिक्षा अधिकृत नियुक्ति सम्वन्धमा
१५. युवा, महिला तथा वाल अधिकार प्रवद्धन कार्यक्रमका कर्मचारीको तलव वृद्धि सम्वन्धमा
१६. सोसेक महिला र वालवालिका केन्द्र दैलेखको दिगो संचालन सम्वन्धमा

१

१७. जलश्रोत व्यवस्थापन कार्यक्रमको कार्यक्रम संयोजक सम्वन्धमा
१८. घरभाडा र अन्य खर्च सम्वन्धमा
१९. विविध

## निर्णयहरु

१. यस संस्थाको केन्द्रीय कार्यसीमितिको ३२ औं बैठक अवधि देखि यस बैठक अवधि बीच संस्था पदाधिकारी, सदस्यहरु लगायत कार्यरत कर्मचारीहरु र संस्था समेतका विषयमा सुनेका र मनमा लागेका कुराहरु आदान प्रदान गर्ने क्रममा सचिव नैन वहादुर शाहीले राकम कर्णाली नैनेल थान नजिक भएको वस दुर्घटनामा सोसेकका कर्मचारी साथीहरु उद्धारमा संलग्न भएको तर सो को रेकर्ड नभएको सन्दर्भमा कुरा राखेकोले सहयोग गर्ने साथीहरुलाई धन्यवाद निर्णय गरियो ।

२. यस संस्थाको केन्द्रीय कार्यसमितिको ३२ बैठकका निर्णयहरुका बारेमा समिक्षा गर्दै तल वमोजिमको छलफल तथा निर्णय गरियो ।

- वैठकको निर्णय नं. २ को सहयात्रा परियोजनाको सुधार गर्नु पर्ने विषय वस्तुको रिर्पोटिङ गर्नु पर्ने निर्णय भएकोमा हाल सम्म रिर्पोट प्राप्त नभएकोले आगामी वैठकमा पेश गर्नु पर्ने
- महिला, युवा र वाल अधिकार प्रवद्धन कार्यक्रमको अभिलेखिकरण गर्ने विषय वस्तु के भएको आगामी वैठकमा पेश गर्ने
- ३२ औं वैठकको कार्य समितिको निर्णय नं. १० अनुसार संस्था र मातहतमा भएका समिति, उपसमितिहरुको नियममित वैठक वसाल्न संयोजकलाई निर्देशन दिने भन्ने भएकोमा हालसम्म के के भए भन्ने यस वैठकमा जानकारी हुन नसकेकोले यसलाई फलोअफ गर्न कार्यकारी निर्देशक, निर्देशकलाई निर्देशन दिने र आगामी वैठक अगावै सवै समिति, उपसमितिका वैठकका प्रगति प्रतिवेदन पेश गर्ने

३. अगाडी वैठकका निर्णयहरु समिक्षा गर्ने क्रममा वैठकमा भए गरेका निर्णयहरु कार्यान्वयको अवस्था न्युन देखिएकोले कार्य समिति, सिनीयर स्टाव, सचिवालय समिति, समिति, उपसमितिका निर्णयहरु कार्यान्वय कार्ययोजना वनाई कार्यान्वयन गर्न कार्यकारी निर्देशक डम्वर वहादुर कार्की र निर्देश वशन्त श्रेष्ठलाई निर्देशन दिने र यसको फलोअफ गर्न संस्थापक अध्यक्ष हीरासिंह थापालाई अनुरोध गर्ने निर्णय गरियो ।

४. संस्थाको आ.व. ०७३।७४ को वाह्य लेखा परिक्षण गर्न संस्थाको पोलिसी अनुसार विज्ञापन प्रकासित गर्ने र सचिवालय समितिले निर्णय गरि आगामी वैठकमा पेश गर्ने निर्णय गरियो ।

५. १२ औं वार्षिक सहभागितात्मक योजना तर्जुमा तथा समिक्षा सम्वन्धमा छलफल गर्दा कार्य योजनामा भए अनुसार समिक्षा मिति २०७४ श्रावण ११ र १२ गते गर्ने निर्णय गरियो ।

६. १० औं लैंगिंक तथा सामाजिक परिक्षण सम्वन्धमा छलफल गर्दा लैंगिक तथा सामाजिक परिक्षण गर्नको लागि सहजकर्ता नियुक्ती गर्नु पर्ने भएकोले विज्ञापन प्रकासित गर्ने र विज्ञापनवाट आवेदन पेश गर्ने सम्भावित व्यक्तिलाई आर्थिक निगोसियन गरि सहजकर्ता नियुक्ति गर्ने निर्णय गरियो ।

७. एम्वुलेन्स खरिद सम्वन्धमा छलफल गर्दा तत्काल रकम जम्मा नगरेमा एम्वुलेन्स नआउने भएकोले संस्थाको आन्तरिक कोषवाट रु.९,६७,०००/- अक्षरुपी नौ लाख सत्सट्ठी हजार जम्मा गरेको कुरा यस वैठकवाट अनुमोदन गर्दै एम्वुलेन्स खरिदको लागि आवस्यक श्रोत जुटाउन पहल गर्ने र संस्थामा कार्यरत कर्मचारी साथीहरुवाट स्वैछिक सहयोगको लागि अनुरोध गर्ने मिति २०७४ जेठ ३० गतेको सिनीयर स्टाव वैठकवाट निर्णय भएको अवस्थामा कार्य समिति पदाधिकारी र सदस्यहरुलाई स्वईछिक र कर्मचारी साथीहरुले कम्तिमा १० दिन वरावरको पारिश्रमिक वा स्वईछिक त्यो भन्दा वढी सहयोग गर्न अनुरोध गर्ने र आ आफ्नो कर्मचारीवाट उठाई मिति २०७४ श्रावण ५ गते भित्र संस्थाको आन्तरिक खाता मेगा वैंक दैलेखमा रहेको ०१५००५०००००९६७ मा जम्मा गर्न कार्यक्रम संयोजक वा परियोजनाका सिनीयर कर्मचारीलाई निर्देशन दिने निर्णय गरियो ।

८. आजको वैठकका सिनीयर स्टाव वैठकको माईन्युट हेर्दा निर्णय गर्ने तर कार्यान्वयन नभएको देखिएकोले वैठकवाट निर्णय भएका कुरा कार्यान्वयन गर्न सम्वन्धित परियोजना संयोजक, परियोजनाका सिनीयर कर्मचारीलाई निर्देशन गर्ने र कार्यकारी निर्देशकले गरे नगरेको आगमी वैठकमा पेश गर्ने निर्णय गरियो ।

९. विपद व्यवस्थापन र विपदका वितरण गरिएका सामाग्री सम्वन्धमा छलफल गर्दा हालसालै राकम कर्णालीको नैनेल थानको मन्दिर नजिक भएको वस दुर्घटना भएको र त्यस भेकमा संस्थाद्धारा विपद व्यवस्थापन का लागि दिएका सामाग्रीहरु प्रयोगमा नआएको अवस्थाले गर्दा विगतमा संस्थाद्धारा विभिन्न परियोजनावाट वितरण गरिएका सामाग्रीहरु कहाँ कुन अवस्थामा छन् रेकर्ड राख्न लगाउने र साविकको गाविसलाई प्रदान गरिएका सामाग्रीहरु नजिकको ईलाका प्रहरी कार्यालयमा राख्न लगाउने र समुदायमा वितरण गरिएका सामाग्रीहरु पनि विपदको वेला प्रयोग गर्न अनुरोध गर्ने र सोको जिम्मेवारी निर्देशक/परियोजना संयोजक वशन्त श्रेष्ठलाई दिने निर्णय गरियो ।

१०. संस्थाको आ.व. २०७३।७४ वार्षिक प्रगति प्रतिवेदन र सफलताको कथा प्रकासन सम्वन्धमा छलफल गर्दा संस्थाले विगत वर्ष देखि नै प्रकासित गर्दै आएको वार्षि प्रगति प्रतिवेदन र सफलताको कथा यस वर्ष पनि प्रकासित गर्ने र को लागि उपाध्यक्ष श्री विर वहादुर नेपालीको संयोजकत्वमा तपसिल वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. संयोजक : विर वहादुर नेपाली
२. सदस्य : झलक भण्डारी
३. सदस्य : दुर्गा श्रेष्ठ
४. सदस्य : डम्वर वहादुर कार्की
५. सदस्य सचिव : वशन्त श्रेष्ठ
६. सदस्य : सवै शाखा प्रमुख र परियोजना प्रमुख

११. संस्थाको सचिवालय समितिको वैठकको माईन्युट अनुमोदन सम्वन्धमा छलफल गर्दा संस्थाको ११ औं वैठक मिति २०७४ असार ११ गते वसेको सचिवालय समितिको वैठकवाट गरेका निर्णयहरु १ देखि ५ सम्म छलफल भई यस वैठकवाट अनुमोदन गरियो ।

१२. वाल हेल्पलाईन, सोसेक महिला र वालवालिका केन्द्र सम्वन्धमा छलफल गर्दा सोसेक महिला र वालवालिका केन्द्रवाट भए गरेका कामहरु प्रभावकारी भएको र यसलाई व्यवस्थित गराउदै लैजानु पर्ने भएको अवस्था र वाल हेल्पलाईन समेतलाई ध्यानमा राख्दै वाल हेल्पलाईनको जिल्ला वाल कल्याण समितिले सल्लाहकार समिति गठन गरेको र सोसेक महिला र वालवालिका केन्द्र को लागि निर्देशक समिति गठन भएको जानकारी गराउदै संस्थाद्धारा सम्पादित कामलाई व्यवस्थीत र सजिलो वनाउन कोषाध्यक्ष दुर्गा श्रेष्ठको संयोजकत्वमा सोसेक महिला र वालवालिका केन्द्र व्यवस्थापन समिति तपसिल वमोजिमको गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १. संयोजक | : दुर्गा श्रेष्ठ |
| २. सदस्य | : सुमिक्षा चन्द |
| ३. सदस्य | : पवा वादी |
| ४. सदस्य | : वशन्त श्रेष्ठ |
| ५. सदस्य | : माया कुमारी राना |
| ६. सदस्य | : टिकाराम सापकोटा |
| ७. सदस्य | : निर्मल अधिकारी |
| ८. सदस्य | : दुर्गा गिरी |
| ९. सदस्य सचिव | : रमा श्रेष्ठ |

१३. वालविवाह सम्वन्धमा छलफल गर्दा यस संस्थाको २१ औं वैठक मिति २०७३ आश्विन १६ गते वसेको कार्य समितिको निर्णय नं. ११ मा **"विहेवारी, २० वर्ष पारि"** भन्ने नारालाई आत्मसाथ गर्दै वालविवाह न्युनिकरणका काम गर्ने निर्णय भए वमोजिम हाल सम्म २८७ जोडीको वालविवाह जिल्ला प्रहरी कार्यालय, दैलेख, महिला संजाल, वाल संजाल, युवा संजाल, वालक्लव र वाल हेल्पलाईन १०९८ को समेत सहयोगमा रोकिएको अवस्थाले गर्दा दैलेखमा वालविवाहको अवस्था भयावह भएको अवस्थामा वाल विवाह न्युनिकरणका कामलाई निरन्तरता दिने र विगतमा भएको निर्णयलाई कार्यान्वय गर्दै लैजान सवै संस्थासंग सम्वन्धि व्यक्तिहरुलाई अनुरोध गर्ने वालविवाह न्युनिकरण्का विषयलाई डकुमेन्टेशन गर्न आवस्यक भएकोले एउटा वालविवाह न्युनिकरणको किताव प्रकाशन गर्ने र यसका लागि निदेर्शक वशन्त श्रेष्ठ, कार्यक्रम संयोजक दुर्गा गिरी र वाल संरक्षण अधिकृत निर्मल अधिकारीलाई जिम्मेवारी दिने निर्णय गरियो ।

१४. सहयात्रा परियोजनाको शिक्षा अधिकृत नियुक्ति सम्वन्धमा छलफल गर्दा पद पुर्ति समिति र सिनीयर स्टाव वैठकको निर्णय वमोजिम शिक्षा अधिकृत पदमा मोहन प्रसाद पौडेललाई नियुक्ति गर्ने र अन्य सेवा सुविधाको विषयमा र लागु हुने मिति विषयमा संस्थाको सचिवालय समितिवाट निर्णय गरि लागु गर्ने र आगामी कार्य समितिको वैठकवाट अनुमोदन गर्ने निर्णय गरियो ।

१५. युवा, महिला तथा वाल अधिकार प्रवद्धन कार्यक्रमका कर्मचारीको तलव वृद्धि सम्वन्धमा छलफल गर्दा १ जुन २०१७ वाट लागु हुने गरि तपसिल वमोजिमका महिला, युवा तथा वाल अधिकार प्रवद्धन कार्यक्रमका कर्मचारीहरुको तपसिलमा उल्लेखित तलव वृद्धि गर्ने निर्णय गरियो

तपसिल

१. सरगम खड्का कृषि जेटिए मासिक पारिश्रमिक रु.२०,०००/- (विस हजार मात्र )

२. वाल कुमारी नेपाल वाल अधिकार अभियान्ता रु. १३,५०० /- (तेह्र हजार पाँच सय मात्र)

३. दुर्गा कुमारी खत्री वाल अधिकार अभियान्ता रु.१३,५०० /- (तेह्र हजार पाँच सय मात्र)

१६. सोसेक महिला र वालवालिका केन्द्र दैलेखको दिगो संचालन सम्वन्धमा छलफल गर्दा यस संस्थाको पहलमा दैलेख जिल्लामा संचालनमा भएको सोसेक महिला र वालवालिका केन्द्र निर्देशक समितिको सदस्य सचिवमा कोषाध्यक्ष दुर्गा श्रेष्ठ भएको कुरालाइ यस वैठकवाट अनुमोदन गर्दै दिगो संचालनको लागि प्रभु बैंक दैलेख शाखामा सोसेक महिला र वालवालिका केन्द्रको नाउमा खाता संचालन गरेको उक्त खाता महिला विकास अधिकृत अनिता ज्ञवाली र सोसेक कोषाध्यक्ष दुर्गा श्रेष्ठको नाउमा संचालन भएको जानकारी गराउदै यसमा विभिन्न तह र तप्कावाट श्रोत जुटाउने निर्णय गरियो ।

१७. जलश्रोत व्यवस्थापन कार्यक्रमको कार्यक्रम संयोजक सम्वन्धमा छलफल गर्दा उक्त परियोजनामा भएको कार्यक्रम संयोजक आंशिकलाई संस्थामा आशा परियोजना समेट हेर्ने गरि निर्देशक/कार्यक्रम संयोजक वशन्त श्रेष्ठलाई चार्ज गर्ने निर्णय गरियो ।

१८. घरभाडा र अन्य खर्च सम्वन्धमा छलफल गर्दा व्लक वि मा रहेको घरभाडा सहयात्रा परियोजनावाट रु.२७,८३७/- (सत्ताईस हजार आठ सय सैतिस मात्र ) १ जुन २०१७ वाट व्येहोर्ने व्यवस्थापन समितिको निर्णय भए वमोजिम वाँकी रु.५१६३/-(पाँच हजार एक सय त्रिसठ्ठी ) साकार परियोजनावाट व्यहोर्ने र महिला, युवा र वाल अकिकार प्रवद्धन कार्यक्रमवाट व्लक ए मा रहेका घरभाडा रु.२४,०००/- (चौविस हजार) भुक्तानी दिने निर्णय गरियो ।

१९. महिला युवा र वाल अधिकार प्रवद्धन कार्यक्रममा कार्यरत वाल अधिकार अभियान्ता निर्मला विष्ट सुत्केरी भएको अवस्थामा उनका ४ जना वच्चा रहेकोले अवस्थामा संस्थाको पोलिसी अनुसार तलव विदा स्वीकृती गर्न नसकिने अवस्थामा उनलाई वेतवी विदा स्वीकति गर्न कार्यक्रम संयोजकलाई निर्देशन दिने निर्णय गरियो ।